# धरान उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धरान, सुनसरी

कोशी प्रदेश, नेपाल

टर्मिनल भवन सहितको स्मार्ट बसपार्क ठेक्का प्रक्रियाबाट सञ्चालन गर्नु पर्ने भएकाले अनलाईन बोलपत्र आह्वानको सूचना प्रकाशन

सूचना प्रकाशित मितिः २०८२/०७/०२ गते।

धरान उपमहानगरपालिका वडा नं. ८ तीनकुने सुन्दरबस्ती जग्गा विकास आयोजना क्षेत्रमा रहेको टर्मिनल भवन सहितको स्मार्ट बसपार्कमा सम्झौता गरेको मितिदेखि पाँच वर्षको सम्मकोलागि बस पार्क प्रवेश गर्ने तोकिएका सवारी साधनबाट उपमहानगरपालिकाले तोके बमोजिमको बसपार्क व्यवस्थापन तथा सरसफाई सेवाशुल्क, तोकिएको भाडा र भाडामा लगाउने उद्देश्यले निर्माण गरिएको संरचना समेत परिचालन गरी आम्दानी गर्ने र सो भवनको मर्मत सम्भार, रेखदेख र संरक्षण गर्नुको साथै सोमा लाग्ने खर्च ठेक्कामा लिने ठेकेदारले नै गर्ने गरी तपसिलमा उल्लेखित नियम तथा शर्तहरुको पालना गर्ने गरी मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएका ईच्छुक फर्म तथा कम्पनीहरुलाई यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्रमा अनलाईन बोलपत्र पेश गर्न जानकारी गराइन्छ।

नियम तथा शर्तहरु:

१. ठेक्का न्यूनतम् कबुल अंक वार्षिक रु. १ (एक) करोड ४१ (एकचालिस) लाख कायम गरिएको छ। प्रत्येक दुई/दुई वर्षमा (दुई वर्षपछि) कबुल अंकको १० प्रतिशतका दरले वृद्धि हुनेछ।

२. स्मार्ट बसपार्क व्यवस्थापन तथा सरसफाई सेवा शुल्कको दर धरान उपमहानगरपालिकाले उपलब्ध गराएको वार्षिक स्वीकृत दररेट अनुसार हुनेछ। उपमहानगरपालिकाबाट समसामयिक रुपमा दररेट अद्यावधिक गरिँदै लगिनेछ।

३. टर्मिनल भवन तथा स्मार्ट बसपार्कको मर्मत सम्भार र व्यवस्थापन कार्यको लागि वार्षिक कबुल अंकको १५ प्रतिशतले हुन आउने रकम वार्षिक रुपमा धरान उपमहानगरपालिकाको बसपार्क मर्मत कोषमा वार्षिक रुपमा अग्रिम जम्मा गर्नु पर्नेछ। बसपार्क क्षेत्रमा गर्नु पर्ने सानातिना मर्मतको कार्य र संरक्षण गर्न उपमहानगरपालिकाले मौखिक वा लिखित रुपमा जानकारी गराउनेछ। दिएको जानकारी बमोजिम कार्य नगरेमा मर्मत कोषबाट खर्च हुनेगरी उपमहानगरपालिकाले उक्त कार्य गराउन सक्नेछ। ठेक्का सम्झौताको अवधि समाप्त भएपछि अन्तिम मर्मत सम्भारको काम सकिए पछि टर्मिनल भवन र सो स्मार्ट बसपार्क सबै सामाग्रिहरु उपमहानगरपालिकाले चालु हालतमा फिर्ता बुझेपछि मर्मतसम्भार र संरक्षणको लागि भएको खर्चको भुक्तानी भई सकेपछि मर्मत कोषमा बाँकी रहेको सबै रकम सम्बन्धित ठेकेदारलाई फिर्ता दिइनेछ ।

४. बोलपत्र दाताले देहाय बमोजिमका कागजपत्रहरु पेश गर्नु पर्नेछ।
   - क) स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रतिलिपी।
   - ख) कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि
   - ग) करचुक्ता प्रमाण प्रमाण पत्रको प्रतिलिपि ।(म्याद थप गरेको भए सोलाई मान्यता दिईनेछ।)
   - घ) अख्तियारी पत्रको प्रतिलिपी ।

नगेन्द्र प्रसाद खतिवडा
वरिष्ठ राजस्व अधिकृत



अम्बिका प्रसाद चौलागाईं

ङ) यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक धरान शाखाको खाता नं. २१६०१००३०१०१०००२ मा बोलपत्र फाराम दस्तुर वापत रु. ५०००/- जम्मा गरेको बैंक भौचरको प्रतिलिपी ।

च) यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक धरान शाखाको खाता नं. २१६०१००३०३००००००२ मा धरौटी वापत जम्मा वार्षिक कवुल अंकको ५% ले हुने रकमको बैंक भौचर वा सो रकम बराबर यस कार्यालयको नाममा "क" वर्गको वाणिज्य बैंकबाट जारी गरिएको बैंक जमानत पत्र (विड वण्ड)।

५. बोलपत्रदाताको अनुभव र वित्तिय क्षमता देहाय बमोजिम हुनु पर्नेछ ।

क) विगत १० वर्षभित्र कुनै उत्कृष्ट तीन वर्षको औषत कारोवार रकम न्यूनतम् रु. ५० लाख भएको हुनु पर्नेछ।

ख) विगत १० वर्षभित्र १ करोडभन्दा माथिको कम्तिमा कुनै एउटा ठेक्का सम्बन्धी काम सम्पन्न गरेको अनुभव भएको हुनु पर्नेछ।

ग) कम्पनी दर्ता भएको कम्तीमा पाँच आर्थिक वर्ष भएको हुनु पर्नेछ।

६. बसपार्क भित्रका शौचालयको सरसफाई दोस्रो पक्षले नियमित गर्नु पर्नेछ। शौचालय र स्नान गृहहरु दुर्गन्धिरहित हुनुपर्नेछ र किटनाशक औषधीहरुको नियमित रुपमा प्रयोग भएको हुनु पर्नेछ। आवश्यकता अनुसार फिनेल, हर्पिक, कपुर, हात धुने साबुन आदिको व्यवस्था गर्नु पर्नेछ। सेफ्टी ट्यांकीको सरसफाईको व्यवस्थापन राम्रो संग हुनु पर्नेछ साथै उपमहागरपालिकाबाट फोहर व्यवस्थापन तथा सरसफाई सम्बन्धमा दिईने सुझावलाई संचालकले पूर्णरुपमा पालना गर्नुपर्नेछ।

७. बस टर्मिनल भित्र रहेका संरचना संचालकले संचालन गर्न पाउनेछ ।

८. बस पार्क क्षेत्रमा रहेको पार्किङ स्थललाई संचालकले धरान उपमहानगरपालिकाले तोकेको मापदण्ड बमोजिम यातायात व्यवसायीसंग समन्वय गरी संचालन गर्नु पर्नेछ।

९. बस टर्मिनल भवनमा भएका संरचनाहरु जुन उद्देश्य र प्रयोजनका लागि बनेका हुन सोही उद्देश्यका लागि प्रयोग गर्नु पर्नेछ।कुनै कारणले परिवर्तन गर्न परेमा उपमहानगरपालिका कार्यालयबाट स्वीकृति लिनुपर्नेछ।

१०. बस टर्मिनल भित्र वा बाहिर उपमहानगरपालिकाको स्वीकृति बेगर कुनै प्रकारको निर्माण कार्य गर्न पाउने छैन।निर्माण भैसकेका संरचना र सुविधा बाहेक अन्य संरचनाहरु संचालकले आफ्नै लागतमा निर्माण गर्नु पर्ने भएमा उपमहानगरपालिकाबाट अनुमती लिनु पर्नेछ । यसरी पछि अनुमती लिई निर्माण गरिएका संरचना जुन अवस्थामा छ सोही अवस्थामा छाड्नु पर्नेछ।

११. स्मार्ट बसपार्कको रेखदेख, अनुगमन र निरीक्षणको लागि उपमहानगरपालिकाको लागि एउटा कोठा पहिलो तलामा रहेको कार्यालयको लागि ए.सि. जडान गरिएको हल निःशुल्क प्रयोग गरिनेछ र यातायात व्यवसायिको कार्यालय प्रयोजनको लागि एउटा कोठा निःशुल्क प्रयोग गरिनेछ।

१२. बसपार्कको शोभा बिग्रिने गरी कुनै पनि प्रचारप्रसारका बिज्ञापन सम्बन्धी प्रचार सामाग्रीहरु राख्न पाईनेछैन।कानूनले निषेध गरेका वाहेकका प्रचार सामाग्रिमा तोकिएको दरमा विज्ञापन कर छुट्टै लाग्नेछ।

१३. हाल स्मार्ट बसपार्कमा रहेका सामानहरुको प्रस्ताव विवरणमा उल्लेख गरिएका भौतिक सामाग्री बाहेक अन्य आवश्यक साधन तथा फर्निचरहरुको व्यवस्था संचालक आफैले व्यवस्थापन गर्नुपर्नेछ।काँटी वा अन्य कुनै बस्तुको प्रयोग गरी स्थिर रहनेगरी फिक्स गरिएका एसि, झ्यालढोकाका पर्दा, कार्पेट, वा पार्टेशन वा पार्टेशनका सामानहरु, किचन र्‍याक तथा सिंक, धारा वा धारा जडानका सामानहरु जस्ता वाहेक सञ्चालकले राखेका टि.भि. फ्रिज, टेवल, कुर्सी, सोकेश जस्ता खुल्ला अन्य सामानहरु सञ्चालकले सम्झौता समाप्ति पछि लैजान पाइनेछ ।

१४. स्मार्ट बस पार्क टर्मिनलमा रहेको जेनेरेटर चालु हालतमा राख्नु पर्नेछ, विधुतको वैकल्पिक व्यवस्था तथा पार्किङ तथा सडक बत्तिको अनिवार्य रुपमा व्यवस्था र सो को मर्मत संभार संचालकले गर्नु पर्नेछ।टर्मिनल भवनमा रहेका टिकट काउण्टर वाहेक

व्यवसायिक स्थलहरुको प्रयोग संचालक आफैले वा अन्य व्यवसायीलाई भाडामा लगाएर सञ्चालन गर्न पाउने छ। संचालकले भाडामा दिएको पसल, रेष्टुरेण्ट, अन्य व्यवसायीक प्रयोजनका स्थल आदिमा प्रयोग गरिने विद्युतको सव-मिटरको व्यवस्था आफै मिलाउनु पर्नेछ।

१५. संझौताको अवधि सम्झौता भएको मितिले पाँच वर्षको हुनेछ र आपसी सहमतिमा कार्यपालिकाले एकपटक म्याद थप गर्न सक्नेछ।

१६. ठेक्का स्वीकृत भएपछि सञ्चालकले १५ दिन भित्र संचालकले कबोल गरेको अन्तिम पाचौं बर्षका लागि कायम हुने कूल बार्षिक ठेक्का रकम बराबरको नगदै धरौटी रकम वा सोही रकम बराबर ६ बर्षको म्याद भएको "क" वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कार्यसम्पादन जमानत पेश गर्नु पर्नेछ।

१७. पहिलो वर्षको पहिलो किस्ता रकम र मर्मत कोषमा जम्मा गर्नु पर्ने रकम बुझि सम्झौता गरिनेछ। बाँकी ठेक्का रकम त्रैमासिक रुपमा भुक्तानी गर्नु पर्नेछ। किस्ता रकमको साथमा मूल्य अभिवृद्धि कर समेत भुक्तानी गर्नु पर्नेछ।

१८. वार्षिक कबुल अंक पहिलो बर्षको लागि सम्झौता गर्दा कै बखत र अन्य वर्षको लागि पहिलो महिनाभित्र अग्रिम दाखिला गरेमा वार्षिक ठेक्का रकममा १० (दश) प्रतिशतले छुट दिईनेछ।

१९. किस्ता तोकिएको म्यादभित्र दाखिला नगरेमा मासिक एक प्रतिशतका दरले जरीवाना लाग्नेछ। ६ (छ) महिनासम्म पनि किस्ता रकम दाखिला नगरेमा जुनसुकै वेला ठेक्का सम्झौता रद्द वा बदर गरी धरौटी वापतको रकम जफत गरी उपमहानगरपालिकाले बसपार्क सञ्चालन गर्नेछ। यसमा संचालकको कुनै उजुरवाजुर लाग्ने छैन।

२०. ठेक्का कबुल रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

२१. सम्झौता बमोजिम बस टर्मिनल संचालनमा संचालकलाई कुनै किसिमबाट बाधा व्यवधान हुने तथा पर्ने गरी उपमहानगरपालिकाबाट निर्देशन वा हस्तक्षेप गरिने छैन। तर सम्झौता अनुरुप कार्य नगरेको अवस्थामा दिएका निर्देशनलाई बाधा व्यवधान गरेको मानिने छैन।

२२. धरान उपमहानगरपालिकाबाट संचालकको कार्यमा कुनै बाधा नपर्ने गरी बसपार्क संचालन सेवा सुबिधा सम्बन्धि नियमित निरिक्षण र अनुगमन गर्न सकिनेछ र सो कार्यमा सहयोग गर्नु संचालकको कर्तव्य हुनेछ।

२३. मानव सिर्जित (बन्द, हडताल, बन्दाबन्दी, धर्ना, चक्काजाम, जुलुस आदि) वा प्राकृतीक प्रकोपजन्य कारणले ७ दिन भन्दा बढी समय यातायात बन्द भएको अवस्थामा बाहेक कुनै प्रकारको छुट वा मिनाहा गरिने छैन।

२४. कुनै सवारी साधन वा कोही कसैबाट टर्मिनल तथा बसपार्क भित्रका संरचनाहरु बिगार्ने, भत्काउने कार्य भएमा संचालकले त्यस्तो कार्य गर्ने व्यक्ती तथा संस्थासंग सो को क्षतिपूर्ती बापतको खर्च रकम असुल गरी मर्मत गर्नु गराउनु पर्नेछ। सोको मर्मत संभार नभएमा दोस्रो पक्षबाट जम्मा गरिएको मर्मत कोषको रकमबाट गरिनेछ।

२५. बस टर्मिनल भवनको विमा गराउने जिम्मेवारी धरान उपमहानगरपालिकाको हुनेछ।

२६. धरान उपमहानगरपालिकाले स्मार्ट बस पार्क तथा टर्मिनलको रेखदेख र अनुगमनको लागि बसपार्क व्यवस्थापन तथा सञ्चालन सम्पर्क अधिकृत खटाउने छ। निजले दिएको निर्देशनको पालना गर्ने दायित्व संचालकको हुनेछ ।

२७. ठेक्का अवधि भरीको बस टर्मिनल भित्र आवश्क पर्ने आकासे भ्यापरलेम्प, अन्य भाडामा दिएका सटर तथा शौचालय, खानेपानी आदीमा प्रयोग भएको विद्युतको महसुल, मर्मत सम्भार खर्च, बिजुली टेलिफोन एवम् सरसफाई लगायतको कुनै पनि प्रकारको सुविधाहरुको लागि लाग्ने खर्च एवम् कर तथा शुल्क दोस्रो पक्षले नै बेहोर्ने तथा बुझाउने दायित्व हुनेछ। भुक्तानी नगरेमा ठेकेदारले राखेको जमानतबाट असुल उपर गरिनेछ।

२८. नियमानुसार लाग्ने सबै किसिमका कर सञ्चालकले नै व्यहोर्नु पर्नेछ ।

खगेन्द्र प्रसाद खतिवडा
वरिष्ठ राजस्व अधिकृत



धरान उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय धरान-१२, सुनसरी कोशी प्रदेश, नेपाल

अम्बिका प्रसाद चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

२९. बस टर्मिनललाई केन्द्र विन्दु मानी तय हुने रुट अनुसार उपहानगरपालिका, नगरप्रहरी र जिल्ला ट्राफिक कार्यलय लगायत सरोकारवालाहरुको समन्वयमा बसपार्कमा बसहरुको व्यवस्थापन गर्ने जिम्मेवारी उपमहानगरपालिकाको समन्वयमा संचालक स्वयंमको हुनेछ ।

३०. यातयात व्यवसायीहरुका बिच भए गरेका सहमतिका पक्षहरुलाई समेत विचार गरी काउण्टर व्यवस्थापन मिलाउने दायित्व संचालकको हुनेछ ।

३१. काउण्टरको भाडा उपमहानगरपालिकाले तोके बमोजिम हुनेछ र काउण्टरको भाडा दुई वर्षपछि वार्षिक १० प्रतिशतको दरले बृद्धि हुनेछ ।

३२. टर्मिनल भित्र हुने सेवा सुविधाको सूचना केन्द्र तथा Digital Screen Board अनिवार्य सञ्चालनमा राख्ने जिम्मेवारी संचालकको हुनेछ ।

३३. बसपार्क भित्र प्रवेश गर्ने सवारी साधनको पार्किङ व्यवस्थापन संचालक स्वयंले मिलाउनु पर्नेछ ।

३४. बस टर्मिनलभित्र गाडी मर्मत गर्न गराउन पाइने छैन ।

३५. टर्मिनलभित्र शौचालय, यात्रु प्रतिक्षालय, पसल कवलहरु तथा अन्य सम्पूर्ण संरचनाहरुको रेखदेख र संरक्षण सञ्चालकले गर्नु पर्ने छ । तोडफोड भएमा वा गरिएमा सम्बन्धितको पहिचान गरी निर्माण गराउने दायित्व सञ्चालकको हुनेछ । निर्माण गराउने जिम्मेवारी संचालकको हुने हुँदा तोडफोड कर्ताबाट मर्मत वा निर्माण गराउन नसकेमा आफ्नै खर्चमा मर्मत संभार गर्नुपर्ने छ । कुनै कारणबाट ठेक्का छोड्दाका बखत हाल मौजुदा र पछि थप हुने भौतिक संरचनाहरु तथा मौजुदा जिन्सी सामानहरु दुरुस्त बुझाउनु पर्नेछ ।

३६. बस टर्मिनलमा सुपरभाईजर, सुरक्षा गार्ड, सरसफाई कर्मी अनिवार्य रुपमा २४ सै घण्टा परिचालन गरी सुरक्षा र सरसफाईलाई चुस्तदुरुस्त राख्नु पर्नेछ ।

३७. बसपार्क भित्रको सरसफाई गरी तोकिएको स्थानमा फोहर जम्मा गर्ने कार्य सञ्चालकको हुनेछ भने संकलित फोहर उठाउने र बसपार्क बाहिर वरिपरिको सडक तथा नाला सफाई गर्ने कार्य धरान उपमहानगरपालिकाको हुनेछ ।

३८. प्रचलित कानुनले निषेध गरेको कार्यहरु स्मार्ट बसपार्क तथा टर्मिनल भवनमा मा प्रयोग गर्न पाइने छैन ।

३९. कुनै विवाद वा समस्या पर्न आएमा असर परेको पक्षले अर्को पक्षलाइ ७ दिनको लिखित सूचना दिई समाधानका लागि पहल गर्नुपर्नेछ । तर समस्या वा विवाद भएकै कारणबाट सम्झौता बदर भएको र जिम्मेवारीमा नरहेको अवस्था मानिने छैन ।

४०. यस प्रस्तावमा उल्लेख गरिएका ठेकेदारले पालना गर्नुपर्ने नियम तथा शर्तको पालना गर्ने दायित्व दोस्रो पक्षको हुनेछ । शर्तहरुको पालना नगरेमा धरान उपमहानगरपालिकाले पहिलो पटक ३० दिने लिखित चेतावनी दिनेछ । सो को बेवास्ता गरेकोमा संचालकसँग १५ दिन भित्र पेश गर्नुपर्ने गरी स्पष्टीकरण मागिनेछ र सो स्पष्टीकरणबाट उपमहानगरपालिका सन्तुष्ट नभएमा प्रचलित ऐन नियम अनुसार हर्जना समेत लिई उपमहानगरपालिकाले कुनै पनि समयमा सम्झौता बदर गर्नेछ । यसमा संचालकको कुनै उजुर बाजुर लाग्ने छैन । भुक्तानी वा जफत प्राप्त भएको रकम फिर्ता हुनेछैन ।

४१. यसमा उल्लेख भएकोमा बाहेक अन्य शर्तहरु सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४ तथा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

४२. पेश गरिने सम्पूर्ण कागजातको प्रत्येक पानामा बोलपत्र दाताको छाप र आधिकारिक अख्तियार प्राप्त व्यक्तिको सही हुनुपर्नेछ ।

४३. पेश भएका बोलपत्र प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार धरान उपमहानगरपालिकामा निहित रहनेछ ।

जोगेन्द्र प्रसाद खतिवडा
वरिष्ठ राजस्व अधिकृत

अम्बिका प्रसाद चौलागाईं
प्रमुख प्रशासकीय अधिकृत

| सी. नं | सामाग्रीहरु | एकाइ | परिमाण |
|---|---|---|---|
| A | विधुतीय सामाग्रीहरु | | |
| 1 | Oil Type Transformer (Outdoor Duty) | No | 1.00 |
| 2 | Fire Extinguisher | Nos | 8.00 |
| 3 | Shock treatment chart | Nos | 5.00 |
| 4 | Rubber mat | Rm | 20.00 |
| 5 | Danger Notice Plate | Nos | 4.00 |
| 6 | Building Main Panel Board | Set | 1.00 |
| 7 | Service Panel Board | No | 1.00 |
| 8 | Utility Panel Board | No | 1.00 |
| 9 | HVAC Panel Board | No | 1.00 |
| 10 | MCB Distribution Boards:.Basement : Light and Power DB | No | 2.00 |
| 11 | MCB Distribution Boards: Ground Floor Light and Power DB | No | 4.00 |
| 12 | MCB Distribution Boards:.First Floor Light and Power DB | No | 5.00 |
| 13 | MCB Distribution Boards: Facade + External Light DB | No | 2.00 |
| 14 | Switch Socket Outlets: 6/16 A flushed type Universal pin Switch Socket | No | 194.00 |
| 15 | Switch Socket Outlets: 6 A flushed type 3 pin switch socket | No | 25.00 |
| 16 | Air- conditionin (AC) | No | 6.00 |
| 17 | LED Light Fixtures : Watt (6000K) 2'x2 | Set | 166.00 |
| 18 | LED Light Fixtures : 1'x1' size | Set | 59.00 |
| 19 | LED Light Fixtures : 25 watt LED Linear Tube Light | Set | 34.00 |
| 20 | LED Light Fixtures : Surface / Recessed mounted 18 Watt | Set | 118.00 |
| 21 | LED Light Fixtures : Highbay suspended light 80 Watt | Set | 4.00 |
| 22 | LED Light Fixtures : Track light 20 Watt | Set | 12.00 |
| 23 | LED Light Fixtures : 12 Watt LED | Set | 15.00 |
| 24 | LED Light Fixtures : : Mirror light. -12 Watt LED | Set | 32.00 |
| 25 | LED Light Fixtures : Surface / Recessed mounted 9/12 Watt | Set | 40.00 |
| 26 | LED Light Fixtures : Surface / Recessed mounted 6 Watt | Set | 44.00 |
| 27 | LED Light Fixtures : 12 watt | Set | 0.00 |
| 28 | Ceiling Fan: : 42 inch dia Sweep Ceiling Fan | Nos | 66.00 |
| 29 | Exhaust Fans: : 9" dia Exhaust Fan | No | 18.00 |
| 30 | 6U Rack: 6U Rack | Nos. | 6.00 |
| 31 | CCTV Cameras: : IP Dome Camera | No | 28.00 |
| 32 | CCTV Cameras: : IP Bullet Camera | No | 8.00 |
| 33 | PTZ Camera | No | 6.00 |
| 34 | Network Video Recorder: Network Network Video Recorder (NVR) , 4 Nos. SATA hard disk of 8 TB/64 MB (6 GB/Sec) | Set | 2.00 |
| 35 | LED Color Monitor: 39" LED Color Monitor | Set | 4.00 |
| 36 | Conventional Smoke detector | No. | 77.00 |
| 37 | Conventional Heat detector. | No. | 33.00 |
| 38 | 6 Watt ceiling PA speaker | sets | 18.00 |
| 39 | Light Pole: light standard pole | No | 10.00 |
| 40 | LED Street Light: LED 100 watt | No | 50.00 |
| 41 | Digel Generator 125KVA, 400V, 3 φ, | Set | 1.00 |
| B | खानेपानी सम्बन्धि | | |
| 1 | Water Closet set (Commode) | set | 34.00 |
| 2 | Porcelain clay white glazed Pan | set | 9.00 |

अम्बिका प्रसाद चौलागाई

| | | | |
|---|---|---|---|
| 3 | Under-Counter Hand wash basin | set | 30.00 |
| 4 | Wall hung wash basin | set | 6.00 |
| 5 | Wall-hung Large Flat back Urinal | set | 16.00 |
| 6 | Division Plate for Urinal | set | 16.00 |
| 7 | Shower rose | set | 12.00 |
| 8 | Toilet Paper Holder | no. | 34.00 |
| 9 | Soap Dish | no. | 46.00 |
| 10 | Commode Spray | no. | 34.00 |
| 11 | 20x600mm CP Towel Rail | no. | 12.00 |
| 12 | Looking mirror | no. | 28.00 |
| 13 | 5000 litres capacity water storage tank | Set | 6.00 |
| 14 | 1000 litres Solar tanks with panels (panel 6 nos) | Set | 1.00 |
| 15 | UV water purifier set | no. | 2.00 |
| 16 | Centrifugal water pump with motor of capacity 150 liters per minute at 36m head | set | 2.00 |
| 17 | 20 LPM vortex pump | no. | 2.00 |
| 18 | Fire pump set of Flow | set | 1.00 |
| 19 | Jockey pump | set | 1.00 |
| 20 | 300 liters MS Pressure tank | set | 1.00 |

नगेन्द्र प्रसाद खतिवडा
वरिष्ठ राजस्व अधिकृत

नगर कार्यपालिकाको कार्यालय
धरान-१२, सुनसरी
कोशी प्रदेश, नेपाल

अम्बिका प्रसाद चौलागाईं
प्रमुख प्रशासकीय अधिकृत